# सम्पूर्ण उद्योगी-व्यवसायीहरुमा हार्दिक अपिल

देशभरिका उद्योगी-व्यवसायीहरुको साझा संस्था, निजी आर्थिक क्षेत्रको गौरवशाली संगठन, उद्योगी-व्यवसायीहरुको आशा र भरोसाको केन्द्र नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं वार्षिक साधारणसभा तथा निर्वाचन कार्यक्रम यही २०७९ चैत २८ र २९ गते काठमाडौंमा सम्पन्न हुने अवगत नै छ । नेपाल उद्योग वाणिज्य महासंघको साधारणसभा र निर्वाचन सदैव राष्ट्रिय रुपमा मात्र होइन अन्तराष्ट्रिय रुपमै पनि चासो, चर्चा र महत्वको विषय बन्ने गर्दछ । आर्थिक रुपमा देश विषम परिस्थितिमा रहेको बेला हुन लागेको महासंघको यसपटकको यो महाधिवेशन अझ महत्वपूर्ण बनेको छ । अतः, महासंघको अबको नेतृत्वमा आम उद्योगी-व्यवसायीको पीर-मर्का र पीडा बुझ्ने, उद्योगी-व्यवसायीको अहितमा हुने जुनसुकै निर्णय र क्रियाकलापका विरुद्ध साहसपूर्वक उभिन सक्ने प्रतिनिधि पुर्‍याउनुपर्ने आवश्यकता र जिम्मेवारी तपाईं-हाम्रो काँधमा आएको छ ।

महासंघको साधारणसभा र चुनावी चर्चा चुलिँदै गइरहेको सन्दर्भमा विभिन्न पदहरुमा आकांक्षीहरु सार्वजनिक हुन पनि थालिसक्नुभएको छ । यसै सन्दर्भमा यस नेपाल अलैंची व्यवसायी महासंघका निवर्तमान अध्यक्ष, हाल नेपाल कुचो संघका केन्द्रीय अध्यक्ष श्री राजकुमार कार्की (राजु)-ले महासंघमा वस्तुगत संघहरुको तर्फबाट केन्द्रीय सदस्यमा उम्मेद्‌वारी दिने र मुख्य रुपमा निर्यातको प्रचुर संभावना भएका कृषिवस्तु एवम् कृषि क्षेत्रको सम्बर्द्धनलगायत साना तथा मझौला उद्योग-व्यवसाय र उद्योगी-व्यवसायीको पक्षमा काम गर्ने उत्साहका साथ घोषणा गर्नुभएको छ । एउटा कुशल, संगठक, प्रष्ट वक्ता, सबैखाले उद्योगी-व्यवसायीका समस्या समाधानका लागि अग्रपंक्तिमा उभिने हक्की स्वभावका श्री राजकुमार कार्कीले घोषणा गर्नुभएको उम्मेद्‌वारीप्रति नेपाल अलैंची व्यवसायी महासंघ सगौरव समर्थन गर्दै निर्वाचनमा वस्तुगततर्फको केन्द्रीय सदस्य पदमा उहाँलाई मतदान गर्ने निर्णय गरेको सहर्ष जानकारी गराउन चाहन्छु ।

निर्यातजन्य कृषिवस्तुहरु अलैंची, अदुवा, कुचोजस्ता कृषिवस्तुको उत्पादनदेखि आन्तरिक बजारीकरण एवम् निर्यातसम्मलाई सहज तुल्याउन ती वस्तुहरुका उत्पादक, व्यवसायी एवम् नियातृकर्तासमेतलाई गोलबद्ध गर्दै सम्बन्धित संघहरुको माध्यमबाट एउटै छातामुनि उभ्याउन संस्थापकको भूमिकामा उहाँलाई कृषिजन्य वस्तुगत संघहरुले सम्मान गर्ने गरेका छन् । अर्थात, उहाँ नेपाल अलैंची व्यवसायी महासंघ, नेपाल अदुवा उत्पादक तथा व्यवसायी संघ अनि हालै स्थापना भएको नेपाल कुचो संघको संस्थापक पनि हुनुहुन्छ । उद्योगी-व्यवसायीको पक्षमा चट्टान झैं अग्रपंक्तिमा उभिने साहसी एवम् निडर नेतृत्वको छाप छोड्न सफल उहाँको विजयले खासगरी, साना तथा मझौला उद्योगी-व्यवसायी एवम् कृषकवर्गलाई लाभ पुग्ने विश्वासका साथ नेपाल अलैंची व्यवसायी महासंघको कार्यसमतिको बैठकले सर्वसम्मत रुपमा उहाँलाई मतदान गर्ने एवम् उहाँको विजयका लागि भूमिका निर्वाह गर्ने निर्णय गरेको हो ।

उहाँको संस्थाप्रतिको लगाव, समर्पण, क्रियाशीलता एवम् साहसी-स्वाभिमानी व्यवहारप्रति सम्मान दर्शाउँदै वस्तुगततर्फको केन्द्रीय सदस्य पदमा उहाँलाई आफ्नो अमूल्य मत प्रदान गरी अत्यधिक मतले विजयी गराइदिनु हुन सम्पूर्ण वस्तुगत संघहरुमा हार्दिक अपिल पनि गर्दछौं । यही विश्वास लिँदै तपाईंहरुबाट प्रस्ताव गरिने वा गरिएका उम्मेद्‌वारलाई पूर्ण समर्थन र सहयोग रहने प्रतिबद्धता पनि व्यक्त गर्दछौं ।

सहयोगका लागि धन्यवाद ।

**अध्यक्ष :**
**निर्मल भट्टराई**
**नेपाल अलैंची व्यवसायी महासंघ**